वीरेन्द्रनगर नगरपालिका

# नगर कार्यापालिकाको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

कर्णाल प्रदेश, नेपाल

**मिति २०८०/०४/१९ गतेको २७ औं कार्यपालिका वैठकका निर्णयहरु**

निर्णय नं १

नगर दररेट सम्वन्धमा

वीरेन्द्रनगर नगरपालिकाको दररेट सम्वन्धमा जिल्ला दररेट समितिले स्वीकृत गरेको दररेटलाई आधार मानि प्राविधिक समितिले पेश गरेको नगर दररेटलाई ब्यापक छलफल गरी अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं २

टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७७ संसोधन सम्वन्धमा

वीरेन्द्रनगर नगरपालिकाको टोल विकास सस्था सञ्चालन कार्यविधि २०७७ को निम्नानुसार दफा संसोधन गर्ने:

क. कार्यविधि २०७७ को दफा ७ उपदफा (२) मा टोल विकास संस्थाको पदाधिकारी हुनका लागि सम्वन्धित टोलको अक्सर बासिन्दा हुनुपर्ने भन्ने ठाउँमा स्थायी वसोवास गरेको हुनुपर्ने विषय समावेश गर्ने ।

निर्णय नं ३

उपभोक्ता समिति गठन सम्वन्धमा

यस नगरपालिकाबाट जारी भएको स्थानीय तहको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७४ मा देहायका दफाहरुमा तपशिल अनुसार संसोधन तथा थप गर्ने ।

क. दफा ५ उपदफा १ (क) मा सवै वडालाई लाभ पुग्ने नगरस्तरीय आयोजनाको हकमा नगर भित्रकाको स्थायी वसोवास थप गर्ने

ख. दफा ५ उपदफा २ मा तर अन्य कानून द्वारा गठित उपभोक्ता तथा लाभग्राही संस्था विद्यालय, स्वास्थ्य संस्था जस्ता संस्थाको व्यवस्थापन समितिको हकमा र वडातहका आयोजनाको हकमा राजनैतिक दलको वडा नगर वा माथिल्ला तहको प्रमुख पदाधिकारी बाहेक अन्य पदाधिकारीमा यो दफा लागु नहुने ।

ग. दफा १४ मा अन्य संस्थावाट कार्य गराउन सकिने अन्तर्गत विद्यालय व्यवस्थापन समिति स्वास्थ्य व्यवस्थापन समिति समेत थप गर्ने ।

नि. प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कर्णाली प्रदेश नेपाल

२०८०/५/१३

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

निर्णय नं ४

सामुदायिक शौचालय व्यवस्थापन सम्वन्धमा

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२ उपदफा (२) ग (९) मा भएको सार्वजनिक शौचालय संचालन तथा ब्यवस्थापन सम्वन्धी वडा समितिको कार्य गर्न गराउन देहाय बमोजिम गर्ने ।

क- वडा भित्र रहेका नगरपालिकाको स्वामित्वमा रहेका सार्वजनिक शौचालयहरुलाई वडा कार्यालयले सार्वजनिक सूचना आव्हान गर्ने र विगत देखि नै शौचालयको सेवा ब्यवस्थापन गर्दै आएका संचालकको हकमा वढिमा १ वर्ष सम्मका लागि तपशिलको शर्त राखी सम्झौता गरी जिम्मा दिने ।

ख- मासिक रुपमा शौचालय प्रयोगकर्ताको संख्या खुल्ने गरिएको प्रतिवेदन, संकलित सेवा शुल्कको ५ प्रतिशत र शौचालयमा ब्यवसायिक कवल संचालन गरेवापत वडा समितिले तोकेको मासिक भाडा रकम त्रैमासिक रुपमा वडा कार्यालयलाई बुझाउनु पर्ने ।

ग- शौचालय संचालन तथा ब्यवस्थापन गर्ने जिम्मेवारी लिने क्रममा यो सम्झौता गर्नु पूर्व रु १५०००। नगद धरौटी नगरपालिकाको धरौटी खातामा जम्मा गर्न लगाउने

घ- शौचालयको सरसफाई तथा ब्यवस्थापन सम्वन्धमा नगरकार्यपालिकाको कार्यलयवाट सवै सार्वजनिक शौचालयका लागि निश्चित शर्तहरु तोकी वडा कार्यालयलाई उपलब्ध गराउने र सोही बमोजिम सम्झौता वडा कार्यालयले गर्ने ।

ङ- माथिका शर्तहरु मन्जुर नगर्ने तथा शौचालय संचालक एकिन नभएको शौचालयहरुका हकमा शौचालयमा रहेको ब्यवसायिक कवलको वडा समितिले न्यूनतम भाडा तोकी सोही भाडामा वढावढ गराई प्रतिस्पर्धात्मक रुपमा सेवा प्रदायक छनौट गर्ने साथै संकलित सेवा शुल्कको हकमा कम्तीमा ५ प्रतिशत वडा कार्यालयमा जम्मा हुने ब्यवस्था मिलाई जम्मा भएको सेवा शुल्कको दोव्वर रकम शौचालयको पूर्वाधार सुधार तथा मर्मतमा लगानी गर्न वडा कार्यालय तथा नगरपालिकावाट वजेट ब्यवस्थापन गर्ने ।

निर्णय नं ५

पूर्वाधार निर्माणका लागि म्याचिङ फण्ड सम्वन्धमा

यस नगरपालिकाका लागि चालु आ व २०८०।८१ का लागि प्रदेश सरकारवाट स्वीकृत अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तरगत समपुरक अनुदानका लागि स्वीकृत आयोजनाहरुको संचालन गर्न लागत सहभागिता रकम यस नगरपालिकाको चालु आ व २०८०।८१ का लागि स्वीकृत पूर्वाधार क्षेत्र अन्तरगतको नगर स्तरीय पूर्वाधार निर्माण म्याचिडफण्ड शीर्षकवाट लागत साझेदारी गर्ने निर्णय गरियो ।

निर्णय नं ६

विपद् तथा राहत रकम अनुमोदन सम्वन्धमा

यस नगरपालिकाको वातावरण तथा विपद् ब्यवस्थापन समिति को निर्णयानुसार सिफारिस भएका देहायका विपद् पूर्वतयारी तथा राहत सम्वन्धी निर्णयलाई कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने।

नि. प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

क) विभिन्न वडा कार्यालयबाट मुचुल्का/ सिफारिस तयार गरी पेश हुन आएका विवरण अनुसार वर्षा, वाढी, पहिरो आदिले क्षति पुग्न गई बसोवास गरेको घर जोखिममा रहेको र ५ वटा सम्म जाली सहयोग गर्दा जोखिम न्यूनिकरण हुने देखिएमा उक्त स्थानमा यस कार्यालयबाट प्राप्त जाली १ हप्ता भित्र काम सम्पन्न गर्ने शर्तमा कार्यालयमा मौज्दात रहेका जाली उपलब्ध गराउन सिफारिस गर्ने निर्णय गरियो ।

ख) विभिन्न वडा कार्यालयबाट मुचुल्का तयार गरी २०८० श्रावण महिना देखि हाल सम्म पेश हुन आएका विवरण अनुसार वर्षा, आगलागि , चटयाङ र महामारी जस्ता प्रकृति बाट क्षति हुन पुगेका देहाएका घर धनी/निवेदकलाई रु. ५०००/- (अक्षरुपी रु पाँच हजार मात्र) का दरले चालु आ व २०८०/८१ को विपद् ब्यवस्थापन अन्तरगतको भैपरी आउने राहत वितरण शीर्षकवाट राहत उपलब्ध गराउने ।

| क्र.सं. | नाम र ठेगाना | वडा नं. | राहत रकम | कारण |
|---|---|---|---|---|
| १ | लोकराज गिरी | ९ | ५०००/- | वर्षा |
| २ | पदमा का.मि. | १ | ५०००/- | वर्षा |
| ३ | नन्दराम कडेल | ११ | ५०००/- | वर्षा |
| ४ | बालकृष्ण लामिछाने | १६ | ५०००/- | वर्षा |
| ५ | पार्वती जैसी | ११ | ५०००/- | वर्षा |
| ६ | बाल कुमारी नेपाली | १२ | ५०००/- | वर्षा |
| ७ | गोमा वि क | ९ | ५०००/- | वर्षा |
| ८ | रस्मी श्रेष्ठ | १२ | ५०००/- | वर्षा |
| ९ | सिता चौधरी | १२ | ५०००/- | वर्षा |
| १० | धनसरी विटालु | १२ | ५०००/- | वर्षा |
| ११ | दिपक कमार सापकोटा | ९ | ५०००/- | वर्षा |
| १२ | हिमा वैगार | ५ | ५०००/- | वर्षा |
| १३ | सुनिता वि क | ११ | ५०००/- | वर्षा |
| १४ | धनसरा रुचाले | १२ | ५०००/- | वर्षा |
| १५ | हरिमाया वुढा | २ | ५०००/- | वर्षा |
| १६ | कपुरे सुनार | २ | ५०००/- | वर्षा |
| १७ | उत्तम बहादुर राना मगर | १० | ५०००/- | वर्षा |
| १८ | वत्ती वि क | ११ | ५०००/- | वर्षा |
| १९ | अनिता विश्वकर्मा | १ | ५०००/- | वर्षा |
| २० | असिमा परियार | १ | ५०००/- | वर्षा |
| २१ | रत्न परियार | ११ | ५०००/- | वर्षा |

नि. प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| २२ | कालुराम नेपाली | १० | ५०००/- | वर्षा |
| २३ | दान बहादुर वुढा | २ | ५०००/- | वर्षा |
| २४ | डम्मर बहादुर वोहोरा | १० | ५०००/- | वर्षा |
| २५ | जुठी कुमारी दमाई | | ५०००/- | वर्षा |
| २६ | सेतुराम सुनार | ४ | ५०००/- | वर्षा |
| २७ | लाल बहादुर वि.क. | १६ | ५०००/- | वर्षा |
| २८ | राम बहादुर वादी | ९ | ५०००/- | आगलागी |
| २९ | ज्ञानु मगर | ५ | ५०००/- | वर्षा |
| ३० | जयलाल शर्मा | १३ | ५०००/- | चट्याङ |
| ३१ | मान बहादुर पुन | १३ | ५०००/- | वर्षा |
| ३२ | पार्वती दमाई | १ | ५०००/- | वर्षा |
| ३३ | दल बहादुर थापा | २ | ५०००/- | वर्षा |
| ३४ | धन बहादुर वली | १६ | ५०००/- | वर्षा |
| ३५ | राम बहादुर सुनार | ११ | ५०००/- | वर्षा |
| ३६ | खेम बहादुर विष्ट | २ | ५०००/- | वर्षा |
| ३७ | प्रेम बहादुर सुनार | २ | ५०००/- | वर्षा |
| ३८ | लक्ष्मण प्रसाद देवकोटा | २ | ५०००/- | वर्षा |
| ३९ | कोपीला सुनार | २ | ५०००/- | वर्षा |
| ४० | रामपुरा बोकटी | २ | ५०००/- | वर्षा |
| ४१ | जनक बहादुर विष्ट | २ | ५०००/- | वर्षा |
| ४२ | नन्दा कुमारी पोखेल | ११ | ५०००/- | महामारी |
| ४३ | पदमाखर भट्ट | २ | ५०००/- | वर्षा |
| ४४ | रत्न चुनारा | ११ | ५०००/- | वर्षा |
| | जम्मा | | २२००००/- | |

निर्णय न ७

सरसफाईकर्मी परिचालन सम्वन्धमा

यस नगरपालिकाको मिति २०८०।०४।१६ गतेको निर्णय अनुसार सार्वजनिक महत्व तथा खुल्ला क्षेत्रको सरसफाई व्यवस्थापन गर्न ६ जना सरसफाईकर्मीलाई दैनिक ज्यालादारीमा काममा लगाउने निर्णय भएकोमा कार्यालय भवन लगायत अन्य सामुदायिक भवनको समेत अत्यावश्यक सरसफाई गर्न थप एक जना जनशक्तिलाई डोर हाजिरमा राखी २०८० भाद्र १ गते देखी परिचालन गरिएकाले उल्लेखित कार्यकालागि ७ जना सरसफाईकर्मीको टोली हुनेगरी परिचालन गर्ने ।

नि. प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

निर्णय नं ८

म्याद थपको अनुमति सम्वन्धमा

वीरेन्द्रनगर नगरपालिकाको वडा नं ६ मा विगत वर्षहरु देखि राजस्व असुली, सरसफाई, कार्यालय व्यवस्थापन, इलोक्ट्रिसियन, पार्क हेरालु आदि क्षेत्रमा कार्यरत वडा तर्फको बजेटबाट व्ययभार हुने गरि ५ जनालाई आगामी छ महिना सम्मका लागी म्याद थप गर्न गरिएको मागलाई स्वीकृत गर्ने ।

निर्णय नं. ९

गत आर्थिक वर्ष २०७९/०८० तथा सो भन्दा अघि विगत आर्थिक वर्षहरुका अधुरा आयोजनाका सम्बन्धमा पूर्वाधार शाखाबाट पेश भएको नाम तथा विवरणका आधारमा आधारमा देहाय वमोजिम गर्ने निर्णय गरियो ।

तपसिलः

क) आर्थिक वर्ष २०७९/०८० का नगर तथा वडा स्तरीय (नगरपालिकाको बजेट तर्फका) योजनाहरुको मिति २०८०/०४/१० सम्म म्याद थपका लागि निबेदन दर्ता भएका आयोजनाहरुको नियमानुसार २०८० मंसिर मसान्त सम्म म्याद थप गर्ने ।

ख) आर्थिक वर्ष २०७९/०८० प्रदेश तर्फका अधुरा आयोजनाका हकमा एकपटक बजेट सुनिश्चितताका लागि कर्णाली प्रदेश सरकारलाई अनुरोध गर्ने र आश्विन मसान्त सम्म बजेट सुनिश्चितता नभए नियमानुसार ठेक्का फरफारक व्यवस्थापन गर्ने ।

उक्त फरफारक सकभर द्विपक्षीय सहमतिमा गर्ने कथम कदाचित सहमति हुन नसके नियमानुसार कार्यालयले नै फरफारक व्यवस्थापन गर्ने ।

ग) आर्थिक वर्ष २०७९/०८० भन्दा अघिल्ला आर्थिक वर्षका आयोजनाहरुका हकमा पूर्वाधार विकास शाखा, योजना शाखा र आर्थिक प्रशासन शाखाको राय समेत संलग्न गरी कार्यालयबाट पेश भएको टिप्पणी र विवरणका आधारमा नियमानुसार अनिवार्य फरफारक व्यवस्थापन गर्ने ।

घ) गत आर्थिक वर्ष २०७९/०८० मा वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ भित्र रहेका विभिन्न पार्कहरुको कम्पाउण्ड वाल निर्माण गर्ने काम (NCB/BM/WORKS/०७९-०८०/१२) श्री बराह निर्माण सेवा वीरेन्द्रनगर ३ सुर्खेत संग मिति २०७९/१०/०६ गतेका दिन आयोजना सम्झौता भइ निर्माण कार्य सुरु भएकोमा सम्झौता बमोजिम निर्माण कार्य नगरी कार्यालयका तर्फबाट पटक/पटक लिखित ताकेता गर्दा समेत अटेर गरी निर्माण कार्य नगरेको हुँदा कार्यालयबाट पेश भएबमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ७ बमोजिम सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बीचैमा छोडेमा वा सम्झौताबमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ८ बमोजिम उपदफा ७ बमोजिम ठेक्का सम्झौता अन्त्य गर्ने र

नि. प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कर्णाली प्रदेश नेपाल २०७२

मोहनमाया ढकाल (भण्डारी) नगर प्रमुख

Scanned with CamScanner

अधुरो रहेको निर्माण कार्यको लागी प्रक्रिया अगाडि बढाउने। साथै गुरांस पार्कको गेट निर्माण कार्य लगत स्टिमेट अनुसार संचालन गर्ने ।

ङ) वीरेन्द्रनगर नगरपालिका क्षेत्रभित्र राष्ट्रिय राजमार्ग बाहेकका नगरपालिका मातहत रहेका कालोपत्रे सडकहरुमा वर्षातका कारण परेका खाल्डाखुल्डीहरुको मर्मत गर्नका लागि वीरेन्द्रनगर नगरपालिकाको तेहौं नगरसभाबाट स्वीकृत सडक तथा अत्वाश्यक मर्मत सुधार शिर्षकमा विनियोजित रकम रु ३००००००। बाट खर्च लेख्ने गरि आवश्यक मर्मत सम्भार सामग्री खरिद गर्न पूर्वाधार विकास समितिको मिति २०८० भाद्र १९ गतेको निर्णय अनुसारको निर्णयलाई स्वीकृत गर्ने ।

च) वीरेन्द्रनगर नगरपालिकाबाट विनियोजित, कर्णाली प्रदेश सरकार र संघीय सरकारबाट प्राप्त रकमबाट सञ्चालन हुने आयोजनाहरुमा गुणस्तर कायम गर्नका लागि आवश्यकताका आधारमा सोही आयोजनाबाट कट्टा भएको कन्टेन्जेन्सी रकमबाट नियम अनुसार खर्च लेख्ने गरि दैनिक ज्यालादारीमा प्राविधिक सुपरभाइजर नियुक्त गरि काममा लगाउने पूर्वाधार विकास समितिको मिति २०८० भाद्र १९ गतेको निर्णय अनुसारको निर्णयलाई स्वीकृत गर्ने ।

निर्णय नं १० **विविध**

क- यस नगरपालिका कार्यालयको काम तथा प्रशासनिक काम तथा प्राविधिक क्षेत्रको कामलाई सहज गर्नका लागि १० वटा मोटरसाइकल र ३ वटा स्कुटर खरिद गर्नका लागि कार्यालयलाई निर्देशन दिने ।

ख- विद्यालय समायोजन तथा दरवन्दी मिलान सम्वन्धि निर्देशिका, २०८० लाई बैठकमा टेबुल गर्ने ।

ग- स्थानीय सडकमा आवतजावतलाई सहज ढंगबाट सुचारु गर्नका लागि नगरपालिकाले आफ्नो श्रोत साधनको प्रयोग गरि खाल्टा खुल्टी पुरी यथाशक्य व्यवस्थापन गर्ने ।

घ- विगत लामो समयदेखि यस नगरपालिकामा कार्यरत अस्थायी करार कर्मचारीहरुले खाईपाई आएको सेवा सुविधा सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग बाट प्राप्तपत्रबाट अन्यौलता सृजना भइ द्विविधा भएकोमा यसको अन्तिम टुंगो नलागेसम्मका लागि नगरपालिकाको स्वीकृत कार्यविधि अनुसार व्यवस्थापन गर्ने ।

ङ- प्रदेश स्काउट कार्यालय र यस नगरपालिका विच मिति २०७९।३।८ गते भएको पूर्व सम्झौता अनुसारको जग्गा व्यवस्थापनको लागि नगर विकासलाई अनुरोध गर्ने र घर निर्माणका लागि बजेट सुनिश्चितता गर्ने कार्यलाई अगाडि बढाउने ।

वि. प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner